# नेपाल इन्जिनियरिङ परिषद्

## व्यवसायिक इन्जिनियर( Professional Engineer) दर्ता सम्बन्धी विनियमावली, २०७२

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ३७ (२) तथा नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७ को नियम ९(१) ले दिएको अधिकार प्रयोग गरी नेपाल इन्जिनियरिङ परिषद्ले देहाय अनुसारको विनियमावली बनाएको छ ।

परिच्छेद -१

### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(१) यो विनियमावलीको नाम "व्यवसायिक इन्जिनियर" दर्ता सम्बन्धी विनियमावली, २०७२" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**१.२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) 'ऐन' भन्नाले नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल इन्जिनियरिङ परिषद नियमावली, २०५७ सम्झनु पर्छ ।

(ग) "विनियमावली" भन्नाले व्यवसायिक इञ्जिनियर दर्ता सम्बन्धी विनियमावली, २०७२ सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन २०५५ को दफा ३ बमोजिम स्थापना भएकोले नेपाल इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

नेपाल इन्जिनियरिङ परिषद्

(छ) "दर्ता" भन्नाले इन्जिनियरिङ सेवा/व्यवसाय गर्न परिषदको दर्ता किताबमा नाम दर्ता गरिने कार्य सम्झनु पर्छ ।

(ज) "इन्जिनियर" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोपाधि डिग्री, प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(झ) "साधारण दर्तावाल इञ्जिनियर" भन्नाले नियमावलीको नियम ८ बमोजिम दर्ता किताबमा नाम दर्ता भएको इन्जिनियर सम्झनुपर्छ ।

(ञ) "व्यवसायिक इन्जिनीयर" भन्नाले नियमावलीको नियम ९ बमोजिम दर्ता किताबमा दर्ता भएको इन्जिनियर सम्झनु पर्छ ।

(ट) ''निरन्तर व्यवसायिक विकास" भन्नाले विनियमावलीको दफा ५.७ मा दिइएका समग्र कार्यहरू सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले मुल्याङ्कन समिति सम्झनु पर्छ ।

(ड) "संयोजक" भन्नाले विनियमावलीको दफा ४.१ अनुसारको मुल्याङ्कन समितिको संयोजक सम्झनु पर्छ ।

(ढ) "सचिव" भन्नाले विनियमावलीको दफा ४.१ अनुसारको मुल्याङ्कन समितिको सचिव सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस विनियमावली अन्तर्गत बनेका निर्देशिका वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

### व्यवसायिक इञ्जिनियरको योग्यता

**२.१** साधारण दर्तावाला इन्जिनियरको रूपमा परिषदमा दर्ता भई अनुसूची – १ मा उल्लिखित योग्यता पुगेका इन्जिनियरले व्यवसायिक इन्जिनियरमा नाम दर्ता गर्न चाहेमा अनुसूची – २ मा उल्लिखित ढाँचामा परिषदमा निवेदन पेश गर्नु पर्ने छ ।

**२.२** परिषदमा दर्ता भएका अनुसूची –१ मा उल्लिखित योग्यता पुगेका गैर नेपाली इन्जिनियरले नेपालमा व्यवसायिक इन्जिनियरमा दर्ता हुन चाहेमा अनुसूची –२ मा उल्लिखित ढाँचामा परिषदमा निवेदन पेश गर्नु पर्ने छ ।

नेपाल इञ्जिनियरिङ परिषद

## परिच्छेद-३

## दर्ता प्रक्रिया

**३.१** परिषदमा नाम दर्ता गराउन विनियम २.१ बमोजिम निवेदन दिने व्यक्तिले नियमावलीको नियम ५ (१) (ख) बमोजिमको नाम दर्ता दस्तुर र आवेदन वापतको दस्तुर रु.१,५००। (एक हजार पाँच सय रुपैया) परिषद्को बैंक खातामा जम्मा गरेको भौचर सहित निवेदन दिनुपर्नेछ ।

**३.२** परिषदमा नाम दर्ता गराउन विनियम २.२ बमोजिम निवेदन दिने गैर नेपाली इन्जिनियरले नियमावलीको नियम ५ (१) (ग) बमोजिमको नाम दर्ता दस्तुर रु.४५,०००। (पैतालिस हजार रुपैया ) र आवेदन वापतको दस्तुर रु.५,०००। ( पाँच हजार रुपैया ) परिषद्को बैंक खातामा जम्मा गरेको भौचर सहित निवेदन दिनुपर्नेछ ।

**३.३** विनियम ३.१ र ३.२ बमोजिम निवेदन साथ पेश भएका कागजातहरूको प्रमाणीकरण परिषद्का अधिकार प्राप्त कर्मचारीद्वारा प्रमाणित गरी सक्कल कागजात र प्रमाणपत्रहरू (बैंक भौचर बाहेक) निवेदकलाई फिर्ता गर्नु पर्नेछ ।

**३.४** विनियम ३.१ र ३.२ बमोजिमको निवेदन तथा संलग्न प्रमाणपत्र र अन्य कागजातहरूको प्रमाणीकता निर्क्योल र पुष्ट्याई गरी रजिष्ट्रारले निवेदन र राय सुझाव सहितको कागजात मुल्याङ्कन समितिमा पेश गर्नुपर्ने छ ।

**३.५** मूल्याङ्कन समितिले उपनियम ३.४ बमोजिमको राय सुझाव सहितको निवेदन प्राप्त गरे पश्चात् शैक्षिक योग्यताको उपाधी, अनुभवको यथेष्टता र सान्दर्भिकता पुनरावलोकन र मूल्याङ्कन गरी दर्ता गर्न सिफारिस गर्न मिल्ने/नमिल्ने पुष्ट्याई वा कारण सहित परिषद्मा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**३.६** परिषद्बाट व्यवसायिक इन्जिनियरको रूपमा नाम दर्ता गर्ने निर्णय गर्दा निजको विशेषज्ञता/कार्य क्षेत्र ( scope of work) तथा वहाल अवधि तोकि निर्णय गर्नु पर्नेछ ।

**३.७** विनियम ३.६ बमोजिम परिषदले व्यवसायिक इन्जिनियरको नाम दर्ता गर्ने निर्णय गरे पछि रजिष्ट्रारले नियमावलीको अनुसूची ८ को ढाँचामा विशेषज्ञता/कार्य क्षेत्र ( scope of work) तथा वहाल अवधि तोकि प्रमाणपत्र दिनुपर्नेछ ।

**३.८** यस विनियम बमोजिम रजिष्ट्रारले प्रमाणपत्र दिंदा प्राप्त गर्ने व्यवसायिक इन्जिनियरसँग इन्जिनियरिङ्ग व्यावसाय प्रति इमान्दार, बफादार तथा कर्तव्यनिष्ठ रहने व्यहोरा उल्लेख भएको नियमावलीको अनुसूची ६ बमोजिमको ढाँचामा प्रतिज्ञापत्र गराउनुपर्नेछ ।

**३.९** परिषदमा नाम दर्ताको लागि निवेदन दिने कुनै निवेदकको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखि परिषदले दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले सम्बन्धित निवेदकलाई सो कुराको लिखित जानकारी एक हप्ता भित्र दिनु पर्नेछ र विनियम ३.१ र ३.२ बमोजिम निजले परिषदमा बुझाएको नाम दर्ता दस्तुर निजलाई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४

## दर्ता प्रक्रियामा समितिहरू

४.१ **मूल्याङ्कन समिति :** विनियम ३.५ बमोजिमको निवेदनहरु माथि जाँचबुझ गर्न परिषद्ले देहाय बमोजिमको मुल्याङ्कन समिति गठन गर्नेछ ।

(क) सदस्यहरू मध्येबाट एकजना- संयोजक

(ख) परिषद्का सदस्यहरु मध्येबाट परिषदले मनोनयन गरेको तीन जना - सदस्य

(ग) नेपाल सरकारका विभाग, संस्थान वा मन्त्रालयमा कार्यरत कम्तीमा उपसचिव सरह (इन्जिनियर) मध्ये परिषद्ले मनोनित गरेको एक जना- सदस्य

(घ) इन्जिनियरिङ्ग क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएकाहरु मध्ये कम्तिमा २० बर्ष अनुभव प्राप्त परिषद्ले मनोनित गरेको एक जना-सदस्य

(ङ) विश्वविद्यालयका डिन (इन्जिनियरिङ्ग क्षेत्र), इन्जिनियरिङ्ग शिक्षण संस्थाका प्रिन्सिपल /क्याम्पस प्रमुख/विभागीय प्रमुख मध्ये परिषद्ले मनोनित गरेको एक जना -सदस्य

(च) आवश्यकतानुसार विशेषज्ञलाई यस मुल्याङ्कन समितिमा मुल्याङ्कन समितिले आमन्त्रण गर्न सकनेछ ।

(छ) परिषद्ले तोकेको परिषद्को कर्मचारी (इन्जिनियर)- सचिव

४.२ उपनियम ४.१ को खण्ड (घ) बमोजिमको सदस्य मनोनित गर्दा दर्तावाला व्यवसायिक इन्जिनीयर मध्येबाट मनोनयन गर्नुपर्ने छ । तर यस विनियमावली बमोजिम व्यवसायिक इन्जिनियर दर्ता भए पछिको प्रथम एक बर्षको लागि कम्तिमा २० बर्ष अनुभव प्राप्त गरेका इन्जिनियरलाई मनोनित गर्न सकिने छ ।

नेपाल इन्जिनियरिङ परिषद्

४.३ जुन प्रक्रियाबाट वा वर्गबाट समितिको संयोजक तथा सदस्य नियुक्ति भएको हो सो जिम्मेवारीबाट पदमुक्त भएमा स्वत : पदावधि समाप्त भएको मानिनेछ ।

४.४ समितिको संयोजकले सन्तोषजनक काम गरेको नपाईएमा परिषदले निजलाई हटाउन सक्नेछ । समितिका सदस्यहरुले सन्तोषजनक काम नगरेको भनी समितिको संयोजकले परिषदमा सिफारिस गरेमा परिषदले निजहरुलाई हटाउन सक्नेछ । सो रिक्त पदमा जुन प्रक्रियाबाट नियूक्ति भएको हो सोही प्रक्रियाबाट बाँकी अवधिको लागि परिषद्ले नियूक्त गरिनेछ ।

**४.५ मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

(क) रजिष्ट्रारले पेश गरेको निवेदन तथा संलग्न कागजातहरु पुनरावलोकनको साथै निवेदकको योग्यता र दक्षताबारे तोकिए बमोजिमका प्रक्रिया पुरा गरी दर्ताको लागि परिषद्मा सिफारिस गर्ने ।

(ख) आवश्यकता अनुसार निवेदकद्वारा सम्पादित कार्यहरुबारे जानकारी लिने र प्रमाणिकताको जाँच गर्ने गराउने ।

(ग) परिषदले तोकिदिएको प्रक्रिया पुरा गरे नगरेको जाँचबुझ गर्ने गराउने ।

(घ) उपविनियम ४.५ को खण्ड (क), (ख) र (ग) बमोजिम जाँचबुझ गर्दा निवेदकको नाम परिषदमा दर्ता गर्न योग्य देखेमा निवेदकको कार्य क्षेत्र ( Scope of Work) खुलाई परिषद समक्ष सिफारिस गर्ने ।

(ङ) उपविनियम ४.१ को खण्ड (ग) बमोजिम जाँचबुझ गर्न समितिले व्यक्ति वा संस्था विशेषज्ञको सहयोग लिई जाँचबुझ गर्न सक्नेछ ।

**४.६** समितिका संयोजक तथा सदस्यहरूले यस विनियमावली बमोजिम काम गर्दा र बैठक बस्दा परिषद्को बैठकमा सदस्यहरुले पाउने सरहको भत्ता पाउनेछन् ।

**४.७** समितिका संयोजक तथा सदस्यहरुको पदावधि बढीमा २ वर्ष हुनेछ । पदावधि समाप्त भएका सदस्य पुनः नियूक्त हुनसक्नेछन ।

## परिच्छेद-५

## दर्ता प्रमाणपत्रको नविकरण

**५.१** व्यवसायिक इन्जिनियरको दर्ता-प्रमाण पत्रको बहाल अवधि पाँच वर्ष हुनेछ ।

**५.२** पाँच वर्ष पुग्न दुई महिना अगावै विनियमावलीको विनियम ३.१ र ३.२ बमोजिमको दस्तुर सहित विनियम ५.७ बमोजिमको निरन्तर व्यवसायिक विकास (Continual Professional Development) कार्य गरेको प्रमाणित कागजात संलग्न गरी नवीकरणको लागि निवेदन दिनुपर्नेछ ।

**५.३** व्यवसायिक इन्जिनियरको दर्ता-प्रमाण पत्रको बहाल अवधि समाप्त भएको ६ महिना भित्र उपविनियम ५.२ मा उल्लेखित दस्तुरको अतिरिक्त रु.पाँच हजार र सो समय पश्चात एक वर्ष भित्र रु. दश हजार दस्तुर सहित नविकरण गर्न निवेदन दिएमा उपविनियम ५.४ बमोजिम व्यवसायिक इन्जिनियरको दर्ता-प्रमाण पत्र नविकरण परिषदले गर्नसक्नेछ ।

**५.४** निवेदकले निरन्तर व्यवसायिक विकास को कार्यहरु गरिरहेको र परिषदले तोकेको प्रक्रिया पुरा गरेको देखिएमा परिषदले विनियम ५.३ बमोजिम व्यवसायिक इन्जिनियरको दर्ता-प्रमाण पत्र नविकरण गर्न सक्नेछ ।

**५.५** उपविनियम ५.३ मा तोकिएको अवधि भित्र व्यवसायिक इन्जिनियर दर्ता-प्रमाण पत्र नविकरण नभएमा सो दर्ता प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

**५.६** उपविनयम ५.५ बमोजिमको समयवधिमा व्यवसायिक इन्जिनियरको दर्ता-प्रमाण पत्र नविकरण नगरी खारेज भएकोमा पुनः नाम दर्ता गर्न निवेदन दिएमा यस विनियमावलीको परिच्छेद २, ३ र ४ मा उल्लिखित प्रक्रिया पुरा गरेर परिषदले दर्ता गर्न सक्नेछ ।

**५.७** निरन्तर व्यवसायिक विकास भन्नाले देहाय अनुसारका कार्यहरू मध्ये कुनै एक गरेको हुनुपर्ने छ ।

(क) सम्बन्धित क्षेत्रमा कार्य सम्पादन गरी निरन्तर रुपमा काम गरिरहेको ।

(ख) सम्बन्धित क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुसँग सम्बन्धित गोष्ठीहरूको संचालन वा यस्ता गोष्ठी, सेमिनारहरूमा सक्रिय सहभागिता भएको ।

(ग) सम्बन्धित क्षेत्रसँग सम्बन्धित विषयहरूमा अध्ययन, अध्यापन अनुसन्धान तथा विकास ( Research & Development) र सोसँग सम्बन्धित प्राविधिक लेख, रचना प्रकाशन गरेको ।

(घ) विश्व व्यापार संगठन ( World Trade Organization) को प्रावधान लगायत विभिन्न अन्तर्राष्ट्रिय सहमति, सम्झौताहरूमा व्यवसायिक इन्जिनियरहरू को योग्यता, दक्षता सम्बन्धित अन्तरनिहित आवश्यकताहरूको बारेमा ज्ञान र प्राप्तिका प्रयत्नहरू गरेको ।

(ङ) योजना व्यवस्थापन प्रविधि ( Project Management Technique) बारे ज्ञान भएको ।

(च) योजनाको आर्थिक विश्लेषण ( Financial Analysis) बारे ज्ञान भएको ।

(छ) इन्जिनीयरिङ्ग व्यवसाय र कार्यसम्पादन संग प्रत्यक्ष सरोकार राख्ने ऐन/कानून, नियम, विनियम, निर्देशिका, कोड, विशिष्ट विवरण (Specification) बारे ज्ञान भएको ।

## परिच्छेद-६

## आचार संहितासम्बन्धी व्यवस्थाहरू

**६.१** व्यवसायिक इन्जिनियरले परिषद नियमावलीको नियम १८ मा उल्लेखित व्यवसायिक आचार संहिताको पूर्णरूपले पालन गर्नु पर्दछ ।

**६.२** व्यवसायिक इन्जिनीयरले आफ्नो हस्ताक्षर गरेको ठाउँमा आफ्नो दर्ता नम्बर अनिवार्य रूपमा लेख्नुपर्छ ।

**६.३** परिषद्द्वारा प्रदान गरिएको व्यवसायिक इन्जिनियर दर्ता प्रमाण-पत्रको स्वामित्व परिषद्मा निहित रहनेछ । व्यवसायिक इन्जिनियरले आचार संहिताको उल्लंघन गरेको ठहर भएमा परिषदले दर्ता प्रमाण-पत्र एकवर्ष सम्म निलम्बन वा खारेज गर्न सक्नेछ । पुन : दर्ता गराउन चाहेमा तोकिए बमोजिम पुन : दर्ता गर्न सकिनेछ ।

**६.४** दर्तावाला इन्जिनियरहरूले ऐन, नियमावली, विनियमावली र यिनीहरूमा बेला-बेलामा भएका संशोधनहरू बारे अध्यावधिक जानकारी राख्नु पर्दछ ।

नेपाल इन्जिनियरिङ परिषद

# परिच्छेद-७

## विविध

७.१ व्यवसायिक इञ्जिनियरले समय समयमा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्था अथवा अन्य संस्थाहरुले तोकेका कार्य विवरण अनुसार काम गर्न सक्ने छन् ।

७.२ व्यवसायीक इञ्जिनियरले आफ्नो नाउँसँग PEng ( Nepal ) भन्ने उपाधिराख्न पाउने छन् ।

७.३ विनियम ६.३ अनुसार सजाय पाएका व्यक्तिले PEng ( Nepal) उपाधि प्रयोग गर्न पाउने छैन ।

७.४ कुनै व्यवसायिक इन्जिनियरले ऐन, नियम र विनियमावली अध्ययन गरेको वा नियम १८ मा उल्लेखित व्यवसायिक आचार संहिता पालना नगरेको सम्बन्धमा नियमावलीको परिच्छेद -५ जाँचबुझ तथा नाम हटाउने सम्बन्धी कार्यविधि अनुरुप हुने छ ।

नेपाल इन्जिनियरिङ परिषद्